# स्थानीय राजपत्र

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : ९ संख्या : १ मिति :२०८२/०४/१५

भाग –२

## चन्द्रपुर नगरपालिकाको बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम चन्द्रपुर नगरपालिकाको नगरकार्यपालिकाले स्विकृत गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम प्रकाशन गरिएको छ।

वि. स. २०८२ सालको कार्यविधि न .१

## चन्द्रपुर नगरपालिकाको बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

नगर कार्यपालिकावाट स्वीकृत मिति :२०८२/०४/१०
प्रमाणीकरण मिति :२०८२/०४/११
राजपत्रमा प्रकाशित मिति : २०८२/०४/१५

**प्रस्तावना:** चन्द्रपुर नगरपालिका रौतहटको स्वामित्वमा रहेको नवनिर्मित सिटी बसपार्कलाई व्यवस्थित ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको बस पार्किङ्ग व्यवस्थापन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम चन्द्रपुर नगरपालिकाको कार्यपालिका बैठकले यो कार्यविधि बनाई जारी गरेको छ।

CamScanner

# चन्द्रपुर नगरपालिकाको बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२

चन्द्रपुर नगरपालिका रौतहटको स्वामित्वमा रहेको नवर्मित सिटी बसपार्कलाई व्यवस्थ‍ित ढंगबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको बस पार्किङ्ग व्यवस्थापन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ बमोजिम चन्द्रपुर नगरपालिकाको कार्यपालिका बैठकले यो कार्यविधि बनाई जारी गरेको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "बसपार्क संचालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि चन्द्रपुर नगरपालिकाको कार्यपालिका बैठकले स्वीकृत गरी राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) “बसपार्क" भन्नाले चन्द्रपुर नगरपालिकाको स्वामित्वमा रहेको चन्द्रपुर नगरपालिका वडा नं. ४ मा रहेको बसपार्क सम्झनु पर्दछ।

(ख) "समिति" भन्नाले दफा (४) बमोजिम गठित बसपार्क संचालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ग) “कार्यपालिका" भन्नाले चन्द्रपुर नगरपालिका रौतहटको नगरकार्यपाल‍िका सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले चन्द्रपुर नगरकार्यपालिकाको कार्यालय रौतहट सम्झनु पर्छछ।

(ङ) "लामो दुरीका बस" भन्नाले रौतहट जिल्लाभन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा २00 कि. मि. भन्दा बढी दुरीका बस सम्झनु पर्दछ।

(च) "मध्यम दुरीका बस" भन्नाले रौतहट जिल्ला भन्दा बाहिरी जिल्लाका विभिन्न स्थानमा ५० कि. मि. भन्दा बढी २०० कि. मि. दुरीका बस सम्झनु पर्दछ।

(छ) "छोटो दुरीका बस" भन्नाले रौतहट जिल्लासहित बाहिरी जिल्लाका विभिन्न स्थानमा 50 कि. मि. दुरीका बस सम्झनु पर्दछ।

(ज) “ठेकेदार” नगरपालिका सँग सम्झौता गरी सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिएको प्रचलित कानून बमोजिम दर्ता फर्मको प्रोपराइटर।

## परिच्छेद-२
## उद्देश्य

**३. कार्यविधिको उद्देश्य:**

(१) यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा सहयोग गर्ने।

(ख) बसपार्कलाई सही ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरी नगरको सौन्दर्य वृद्धिमा सहयोग गर्ने।

(ग) नगरपालिकाको आय आर्जनमा सहयोग पुर्याउने।

## परिच्छेद-३
## बसपार्क संचालन तथा व्यवस्थापन समिति

**४. बसपार्कको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक सल्लाह, सुझाव तथा नियमन गर्न देहाय अनुसारको बसपार्क व्यवस्थापन समिति रहनेछ :**

| | |
|---|---|
| (क) नगर कार्यपालिका प्रमुख | -अध्यक्ष |
| (ख) उप-प्रमुख | -उपाध्यक्ष |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (घ) बसपार्क रहेको वडाको वडा अध्यक्ष | -सदस्य |
| (ङ) चन्द्रपुर अवस्थित यातायात व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधि | -सदस्य |
| (च) बसपार्क संचालन तथा व्यवस्थापन हेर्ने बसपार्क निरिक्षण अधिकृत कर्मचारी | -सदस्य सचिव |

समितिको बैठकमा जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधिहरुलाई आमन्त्रित सदस्यका रुपमा आवश्यक्ता अनुसार आमन्त्रण गरिनेछ।

**५. बसपार्क संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :**

(क) बसपार्क संचालन तथा व्यवस्थापनका सम्बन्धमा नगरपालिकालाई आवश्यक सल्लाह सुझाव दिने।

(ख) बसपार्कको काउण्टर तथा बसको पार्किङ्ग व्यवस्थापन मिलाउने।

(ग) बसपार्कभित्र रहने टिकट काउण्टरहरु राख्ने स्थान तोक्ने।

(घ) बसपार्कको नियम पालना गर्न लगाउने तथा नियम विपरित कार्य गर्नेलाई कार्वाही गर्ने।

(ङ) बसपार्कभित्रका सटरहरुको भाडा दर तथा टेण्डर प्रक्रियाको विषय कार्यपालिका समक्ष सिफारिस गर्ने।

(च) बसपार्कमा हुन सक्ने विवादको सामाधान गर्ने।

(छ) सरकारी अधिकृत कर्मचारीहरु मध्ये बसपार्क निरीक्षक तोक्ने।

(ज) बसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धमा अन्य कार्यहरु गर्ने।

(झ) समितिलाई कुनै विषयमा विशेषज्ञ परामर्श आवश्यक परेमा समितिका पदाधिकारी मध्ये कुनै सदस्य संयोजक रहने गरी विशेष कार्यदल गठन गरी बसपार्क संचालन तथा व्यवस्थापनका लागि परामर्श लिनेछ।

## परिच्छेद-४

## बसपार्कबाट लिइने सेवा शुल्क तथा वहाल सम्बन्धी व्यवस्था

**६. बसपार्कभित्र लिइने सेवा शुल्क तथा वहाल रकम देहाय बमोजिम हुनेछ :**

**(क) कोठा वा सटर भाडा बसपार्कको गुरुयोजना अनुसारका तोकिएका कोठा एवं सटर** (टिकट काउण्टर बाहेक) बाट तोकिए बमोजिमको वहाल रकम लिने गरि सम्पूर्ण कोठा वा सटरलाई एकमुष्ट भाडा दिई वहाल रकम असूल गर्ने व्यवस्था मिलाईने छ । यसरी एकमुष्ट वहालमा लिने व्यक्ति वा फर्मले अन्य व्यक्ति वा फर्मलाई तोकिए बमोजिमको शर्तका पालना गर्ने गरि भाडामा लगाउन सक्नेछ तर यसरी भाडामा दिंदा दफा (७) बमोजिमको प्रकृया अवलम्बन गरिनेछ।

**(ख) बसपार्क प्रवेश शुल्क:** बसपार्कभित्र प्रवेश गर्ने सबै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ।

**(ग) बस पार्किङ्ग शुल्क:** बसपार्कमा पार्किङ्ग भै रात विताउने बसहरुबाट तोकिए बमोजिमको पार्किङ्ग शुल्क असूल गरिनेछ।

**(घ) शौचालय सेवा शुल्क :** बसपार्कभित्र रहेको शौचालय प्रयोग गरे वापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ तर यस प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगहरुबाट असूल गरिने छैन।

**(ङ) विज्ञापन शुल्क :** बसपार्कमा रहेका कोठा तथा सटरको व्यवसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि समितिले तोके बमोजिमको विज्ञापन शुल्क लिने गरि सम्बन्धित फर्मलाई विज्ञापन राख्ने ठाउं उपलब्ध गराउने छ ।

**(च) अन्य शुल्क :** समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य शुल्क।

**७. दफा (६) बमोजिमका वहाल तथा सेवा शुल्कमध्ये दफा ६ (ङ) वाहेकका सबै वहाल तथा सेवा शुल्क असूलीका लागि नगरपालिकाले देहायको प्रकृया अवलम्बन गरि एक पटकमा बढीमा ३ वर्ष नबढ्ने गरि ठेक्का बन्दोवस्त गर्नेछ :**

**(क) बसपार्कभित्र रहेका सटर** हरुमध्ये अनुसूची (१) मा तोकिए बमोजिमका सटरहरुको नक्सामा उल्लेखित कोठा वा सटरमा राखिने व्यवसाय वा सेवाका आधारमा कोठा वा सटर नम्बरको भाडा रकम समितिले तोकि कार्यपालिका समक्ष सिफारिस गर्नेछ । समितिले भाडा दर सिफारिस गर्दा देहायका आधारमा न्यूनतम् भाडा दर कायम गर्नेछ :

(अ) कोठाको क्षेत्रफल

(आ) टिकट काउण्टर, गेट जस्ता बढि मानिसको चहलपहल हुने स्थान ।

(इ) व्यवसायिक कोठा भाडाको चलनचल्ती दर ।

**(ख) बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर**

(अ) बसपार्क प्रवेश शुल्क बसपार्कभित्र प्रवेश गर्ने सबै बसहरुबाट तोकिए बमोजिमको प्रवेश शुल्क असूल गरिनेछ ।

(आ) बस पार्किङ्ग शुल्क बसपार्कमा पार्किङ्ग भै रात विताउने बसहरुबाट तोकिए बमोजिमको पार्किङ्ग शुल्क तोकिए बमोजिम असूल गरिनेछ ।

(इ) शौचालय सेवा शुल्क बसपार्कभित्र रहेको शौचालय प्रयोग गरेवापत तोकिए बमोजिमको सेवा शुल्क असूल गरिनेछ तर यस प्रकारको सेवा शुल्क बालबालिका, जेष्ठ नागरिक, अपांगहरुबाट असूल गरिने छैन ।

(ई) विज्ञापन शुल्क बसपार्कमा रहेका कोठा तथा सटरको व्यवसाय तथा बसपार्क व्यवस्थापनमा अवरोध नहुने गरि समितिले तोके बमोजिमको विज्ञापन शुल्क लिने गरि सम्बन्धित फर्मलाई विज्ञापन राख्ने ठाउं उपलब्ध गराउने छ ।

(उ) अन्य शुल्क : समितिले सिफारिस गरी कार्यपालिकाबाट निर्णय भए बमोजिमका अन्य शुल्क ।

(ग) बसपार्क प्रवेश शुल्क, बस पार्किङ्ग र शौचालय सेवा शुल्कको दर अनुसूची (३) लाई आधार मानी वार्षिक रुपमा उठ्न सक्ने रकमको एकिन समितिले गरि कार्यपालिका समक्ष पेश गर्नेछ ।

(घ) माथि (क), (ख) र (ग) बमोजिम कोठाभाडा र प्रवेश, पार्किङ्ग, शौचालय सेवा शुल्कबाट वार्षिक उठ्न सक्ने रकमका आधारमा नगरपालिकाले तोके बमोजिमको शर्त राखि बसपार्क सञ्चालन तथा व्यवस्थापनका लागि नियमानुसार खुल्ला बोल पत्र (ठेक्का) आव्हान गर्नेछ ।

(ङ) ठेक्का वन्दोवस्ती प्रकृया देहाय अनुसारहुनेछ :

१) सटर तथा पसलहरु भाडामा लगाउने, सरसफाई र सुरक्षाको जिम्मा लिने गरी कम्तीमा तीस दिनको सुचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी वोलपत्र आव्हान गरिनेछ। वोलपत्र कागजात खरिद गर्न रु. तीन हजार वोलपत्र दस्तुर वुझाउनु पर्नेछ।

२) ठेकेदारको योग्यता फर्मको उद्वेश्यमा सरकारी ठेक्कापट्टामा भाग लिने भएको हुनुपर्ने छ।

३) ठेकेदारले पसल कबलहरु अन्य व्यक्ति वा फर्मलाई भाडामा लगाउँदा ठेक्काबाट स्वीकृत भई सम्झौता भएको कुल राजश्व रकममा तिस प्रतिशत भन्दा बढि नहुने गरी (पानी, विजुली, सुरक्षा, सरसफाई लगायतका व्यवस्था गरे वापत) रकम लिन सक्ने।

४) पसल तथा वस्तु र सेवाको मुल्य सम्बन्धमा : सटर भाडा रकम बढिमा लिएको वा अन्य जुनसुकै पनि कारण देखाई बसपार्क भित्रबाट बिक्रि हुने वस्तु तथा सेवाको मुल्यमा वृद्धि गर्न नपाईने। कुनै पनि वस्तु अधिकतम खुद्रा मुल्यभन्दा बढिमा बिक्रि गर्न नपाईने। अधिकतम खुद्रा मुल्य उल्लेख नहुने वस्तु तथा सेवाको सबैले स्पष्ट देख्ने गरी मुल्य सुची टाँस गर्नुपर्ने।

५) वस्तु तथा सेवाको गुणस्तर मुल्य लगायतका विषयमा नगरपालिकाले मासिक रुपमा अनुगमन गर्ने। मापदण्ड विपरित पाईएमा तत्काल कारवाही गरिने।

(च) बोलपत्रको मूल्यांकन अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राहीलाई स्वीकृत गर्ने गरी सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम हुनेछ।

**८. बोलपत्र :** बोलपत्र पेश गर्दा सूचनामा उल्लेख भए अनुसारको धरौटी राखेको नगदि रसिद वा बैंक भौचर/ बैंक ग्यारेण्टी अनिवार्य पेश गर्नुपर्ने छ।

**९. सम्झौता :** स्वीकृत बोलपत्रदाताले सम्झौता गर्नुपूर्व न्यूनतम तीन महिनाको भाडा रकम बराबर हुन आउने नगद धरौटी कबोल बाँकी रकमको बैंक जमानत वा नगद थप धरौटी वापत नगरपालिकामा पेश गर्नुपर्ने छ। साथै एक मुष्ट बाँकी रकम दाखिला गर्न आएमा १० प्रतिशत छुट दिई दाखिला गरिनेछ।

**१०. बिशेष परिस्थिति** : यस परिच्छेदमा जुनसुकै कुरा उल्लेख भए तापनि कार्यपालिकाबाट स्वीकृत भाडा दर तथा यस कार्यविधिमा उल्लेखित विभिन्न सेवा शुल्क दरलाई आधार मानि विशेष परिस्थितिमा नगरपालिकाले कार्यपालिकाको सहमतिमा छुट्टै कर्मचारी राखि बसपार्कको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-५

## टिकट काउण्टर व्यवस्थापन

**११. टिकट काउण्टर वितरण विधि :** (१) ठेक्का वा अमानतबाट बसपार्क व्यवस्थापन गर्दा विभिन्न यातायात कम्पनीलाई टिकट काउण्टर उपलब्ध गराउँदा देहायबमोजिम गरिने छ :

(क) प्रथमपटक सात दिने सुचना दिई रौतहटमा प्रधान कार्यालय हुने यातायात व्यवसायी संस्थाहरुलाई आफ्नो संस्थाको सम्पूर्ण कागजातको प्रतिलिपी सहित गाडी संख्या र रुट परमिटको प्रमाण र नगरपालिकामा व्यवसाय दर्ता गरेका प्रमाण समेत सलग्न राखि सूची दर्ता गर्ने।

(ख) उक्त अवधिमा व्यवसाय दर्ता हुन आएका कम्पनीहरुलाई बसपार्क टर्मिनलको टिकट काउण्टर निःशुल्क कम्तीमा १ वटा मात्र नगरपालिकाले गोला प्रथाद्वारा टिकट काउन्टर वितरण गर्ने। यसो गर्दा इन्ट्री शुल्क र व्यवसाय दर्ताको रुपमा अनुसूची (२) बमोजिम शुल्क लिने।

(ग) यसरी वितरण पश्चात गाडी संख्या ५० भन्दा माथि र रुट संख्या प्रदेश बाहिर समेत गरी १० भन्दा बढिहुने कम्पनीलाई आफैले संरचना निर्माण गर्ने गरी व्यवसायीको सहमति वा गोलाप्रथाबाट थप काउन्टर दिने।

(घ) बसपार्क सञ्चालन भए पश्चात काउन्टर माग गर्ने यातायात कम्पनीलाई बसपार्कमा टिकट काउण्टर दिन नगरपालिका बाध्य हुने छैन तर बस पार्किङ तथा यात्रु ओराल्ने र चढाउने कार्य भने नियमानुसार शुल्क बुझाइ गर्न गराउन भने बाधा पर्ने छैन।

## परिच्छेद-६

## बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरू

**१२. बसपार्क व्यवस्थापक र बसपार्क प्रयोगकर्ताले पालना गर्नुपर्ने नियमहरु :**

बसपार्क सञ्चालन गर्ने जिम्मा लिने व्यवस्थापक तथा सोको प्रयोगकर्ताले देहायका शर्तहरु पालना गर्नुपर्नेछ :

(क) बस व्यबसायी, चालक तथा कर्मचारीहरुले :

१) लामो तथा मध्यम दुरीका ठूला बस छुट्नु भन्दा बढीमा १ घण्टा पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले १ घण्टाभित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्नेछ।

२) लामो तथा मध्यम दुरीका साना बस र छोटो दुरीका बसहरु छुट्नभन्दा बढीमा ३० मिनेट पहिले बसपार्क प्रवेश गराउने तथा बाहिरबाट आएका बसले ३० मिनेट भित्र यात्रु ओराल्ने तथा सामानको व्यवस्थापन गर्नुपर्ने छ।

३) बस व्यवसायी चालक तथा कर्मचारीहरुले बोल्दा सभ्य, शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्ने।

४) तोकिएको समयमा र स्थानमा गर्नु भनि तोकिएका कामहरु गर्नुपर्नेछ।

५) तोकिएको स्थान बाहेक अरुलाई असर पर्ने गरी धुम्रपान, मध्यपान गरी जथाभावी बोल्न र व्यवहार गर्न पाइने छैन।

६) चालकले बस जुनसुकै स्थानमा पार्किङ्ग गर्न, रोक्न वा हर्न बजाउन पाईने छैन।

७) कर्मचारीहरुले जथाभावी रुपमा यात्रुलाई अमर्यादित व्यवहार गर्ने, सवारीको लागि तान्ने, धकेल्ने वा अन्य किसिमले दुर्व्यवहार गर्न पाइने छैन।

८) बस व्यवसायी वा चालकले गाडि मर्मत गराउँदा जथाभावी गराउन पाईने छैन तोकिएको स्थानमा तोकिएको दस्तुर तिरेर मात्र गराउनु पर्नेछ।

९) बसपार्कभित्रको आचारसंहिता पालना गर्ने वा गराउने, सरसफाई गर्ने वा गराउने दायित्व समेत बहन गर्नुपर्नेछ।

१०) तोकिएको समयभन्दा बढी समय बसपार्कमा बस पाकिङ्ग गर्न पाइने छैन।

११) चालक, सहचालक र कन्डक्टर तथा टिकट काउन्टर कलर्कले तोकिएको पोषाक अनिवार्य प्रयोग गर्नुपर्नेछ।

**(ख) सेवाग्राहीहरुले पालना गर्नुपर्ने नियमहरु :**

१) सेवाग्राहीले तोकिएको स्थानमा गई टिकट लिनुपर्नेछ।

२) टिकटमा उल्लेखित सिटमा मात्र बस्नु पर्नेछ।

३) बस व्यवसायी, चालक र कर्मचारीसँग मर्यादित व्यवहार गर्नुपर्ने छ।

४) धुम्रपान, मध्यपान गरि अरुलाई समेत असर पर्ने गरि व्यवहार गर्न पाईने छैन सभ्य यात्रुको परिचय दिने दायित्व समेत सेवाग्राहीको हुनेछ।

५) आफ्नो कारणले सृजित फोहरमैलालाई जथाभावी फाल्न पाइने छैन तोकिएको स्थानमा वा स्वयं आफैले विसर्जन गर्नुपर्ने छ।

**(ग) सटरमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियमहरु**:

१) प्रचलित कानूनले तोकेको मापदण्डभित्र रही उद्योग, फर्म, व्यापार व्यवसाय वा अन्य कुनै सेवा सञ्चालन गर्नुपर्दछ।

२) प्रचलित कानूनले निषेध गरेका वस्तुको विक्रि वितरण तथा मदिराजन्य व्यवसाय गर्न पाइने छैन।

३) तोकिएको सेवा वा वस्तुमा गुणस्तरियता कायम भएको हुनुपर्ने,

४) व्यवसाय सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा नगरपालिकाको स्वीकृती लिएर मात्र कारोबार सञ्चालन गर्नुपर्नेछ।।

५) सेवा वस्तुको कारोबार गर्दा प्रचलित कानून बमोजिम दर्ता स्वीकृती लिनुपर्ने भए लिएको प्रमाण लिई जुनसुकै समयमा पनि अनिवार्य उपलब्ध हुने गरि राख्नुपर्नेछ।

६) बसपार्क क्षेत्रभित्र वस्तुको व्यापार वा व्यवसाय गर्दा तोकिएको स्थानमा बाहेक अन्यत्र सेवा सञ्चालन वा वस्तु विक्रि वितरण गर्न पाईने छैन।

७) सरसफाई र स्वच्छता कायम गर्नका लागि आफनो अगाडिको वा क्षेत्रभित्रको सफाई गर्ने जिम्मेवारी व्यवसायीको हुनेछ। पसल अगाडि अनिवार्य फोहर व्यवस्थापन भाँडो (डस्टविन) राख्नुपर्ने छ।

८) नगरपालिकाको अनुमति नलिई सटर वा संरचनामा थप संरचना थप्न वा गाँस्न पाईने छैन।

९) अत्यावश्यक वस्तु वा सेवाको आपूर्ति व्यवस्थालाई असहज पुर्‍याउने उद्वेश्यले कसैले पनि कृत्रिम अभावको सृजना गर्न पाईने छैन।

१०) अत्यावश्यक वस्तु वा सेवाको सूची र मूल्य निर्धारण गरी सूचना टाँस गर्नुपर्नेछ।

११) स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हित संरक्षण सम्बन्धी ऐन २०७६ को पूर्ण पालना गर्नुपर्नेछ।

१२) कुनै पनि प्रकारको बालश्रमको प्रयोग गर्न पाईने छैन।

**(घ) ठेकेदार व्यवसायी वा व्यवस्थापकले पालना गर्नुपर्ने नियमहरु**:

१) नगरपालिकासँगको सम्झौता अनुसार तोकिएको सम्पूर्ण कामहरु गर्नुपर्ने।

२) प्रत्येक थप एक वर्ष सम्झौता बमोजिमको रकम वृद्धि गरी भाडा रकम नगरपालिकालाई भुक्तान दिनुपर्ने

३) कुनै कारणवश बसपार्क व्यवस्थापनको सम्झौता तोड्न चाहेमा कम्तिमा ६ महिना अगाडी नगरपालिकालाई सूचना दिनुपर्ने छ।

४) नगरपालिकालाई बुझाउनुपर्ने दायित्व तोकिएको समयमा नै अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

५) बसपार्क भित्रका बत्ती, पानी, शौचालय, टेलिफोन लगायतका अन्य भौतिक संरचनाहरुको संरक्षण, सम्बर्द्धन, मर्मत सम्भार गर्ने गराउने।

६) बसपार्क भित्र रहेका सडकबत्ती, शौचालयको नियमित मर्मत संभार गरी दुरुस्त राख्नुपर्ने, कुनै कारणवस कुनै संरचना हटाउनु पर्ने देखिएमा नगरपालिकाको सहमति वेगर नहटाउने।

७) बसपार्कभित्रको क्षेत्रलाई सफा सुग्घर, हरियाली, सौन्दर्य, कोलाहलमुक्त बनाउने तर्फ ध्यान दिने।

८) बसपार्कभित्र आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन गर्दै कर्मचारीलाई परिचालन गर्ने।

९) सब लिजमा दिदा वा फेरबदल गर्दा अनिवार्य रुपमा नगरपालिकाको अनुमति लिनुपर्नेछ वा सो को जानकारी गराउनु पर्नेछ। नगरपालिकाबाट स्वीकृत रकमभन्दा बढी भाडा लिन पाइने छैन।

१०) नगरपालिकाले मागेको जुनसुकै सूचना वा विवरण तोकिएको समयमा अनिवार्य रुपमा उपलब्ध गराउने।

११) तोकिएका व्यवसायहरु बाहेक अन्य व्यवसाय नगराउने, तोकिएको व्यवसाय एवं टिकट काउण्टरलाई तोकिएको क्षेत्रभन्दा अन्यत्र प्रयोग गर्न निषेध गर्ने।

१२) बस बाहेकका अन्य सवारी साधनलाई बसपार्क भित्र प्रवेशमा निषेध गर्ने।

१३) बसपार्क सुरक्षाको लागि आवश्यक प्रबन्ध गर्ने। बसपार्क भित्र रहने सम्पूर्ण पसल कवलहरुको जिम्मा लिई व्यवस्थापन गर्ने।

१४) कुनै पनि प्रकारको बालश्रमको प्रयोग गर्न पाईने छैन।

१५) यस कार्यविधिमा भए बाहेकका विषयहरु सम्झौतामा उल्लेख भएबमोजिम हुनेछन्।

**(ङ) नगरपालिकाको जिम्मेवारी :**

१) बसपार्कको क्षेत्र विस्तार तथा नयाँ संरचना निर्माणको कार्य गर्ने गराउने।

२) बसपार्क भित्र थप संरचना आवश्यक भए सो को व्यवस्थापन गर्ने गराउने।

३) सम्झौता बमोजिमको काम भए नभएको अनुगमन गर्ने र नभएको पाईएमा तत्काल गर्न लगाउने।

४) बसपार्क व्यवस्थापनमा देखिएका विवादको निरुपण गर्ने।

५) सम्झौतामा उल्लेखित शर्त पालना नगरेका कारणले नगरपालिकाले बिचमा नै सम्झौता तोड्नु पर्ने देखेमा ३ महिनाको म्याद दिई सम्झौता भंग गर्न सक्नेछ तर यसरी सम्झौता तोड्नु पूर्व बसपार्क व्यवस्थापकलाई सफाई पेश गर्ने मौका दिइने छ।

६) नगरपालिकाले लिजमा दिने प्रयोजनका लागि कार्यविवरण (TOR) तयार गर्ने, सूचना प्रकाशन गर्ने, छनौट गर्ने र नियमानुसार सम्झौता गर्ने।

७) बसपार्क भित्रको क्षेत्रमा वस्तु वा सेवा क्षेत्र निर्धारण गर्ने र आवश्यकतानुसार सेवा सञ्चालन वा विक्रि कक्षको लागि स्थान उपलब्ध गराउने।

८) सम्झौता तथा प्रचलित मापदण्ड अनुसार सम्बन्धित पक्षहरुले जिम्मेवारी पुरा गरे वा नगरेको सो सम्बन्धमा नियमन गर्ने,

९) विद्युत, पिउने पानी, शौचालय, फोहरमैला व्यवस्थापन, सुरक्षा प्रबन्ध, बाटोघाटो ट्रफिक व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

१०) स्थानीय बजार व्यवस्थापन तथा उपभोक्ता हित संरक्षणका लागि आवश्यक भूमिका निर्वाह गर्ने गराउने ।

११) आवश्यकता अनुसार छडके वा प्रत्यक्ष निरीक्षण गरी कारवाही गर्ने वा कारवाहीका लागि सिफारिस गर्नुपर्ने ।

## परिच्छेद-७
## कारवाही

### १३. नियम पालना नगर्ने उपर गरिने कार्वाही

(१) बसपार्क भित्रका लागि तोकिएका नियम पालना नगरेको पाईएमा नगरपालिकाबाट तोकिएको निरिक्षक वा ट्राफिक प्रहरीले देहाय बमोजिमको कारवाही गर्नेछ, ।

(क) तोकिएको स्थानमा पार्किङ्ग, नगरेमा, तोकिएको समयभन्दा बढी समय बस पार्किङ्ग गरेमा, बसपार्कभित्र पालना गर्नुपर्ने ट्रफिक नियम पालना नगरेमा प्रथम पटकका लागि रु. १०००।- (एक हजार मात्र) सम्म जरिवाना र सोही कसुर दोहोऱ्याएमा पटकै पिच्छे दोब्बर जरिवाना हुनेछ ।

(ख) मापदण्ड विपरित हर्न बजाउने, यात्रु तानातान गर्ने जस्ता यात्रुमैत्री व्यवहार नगरेमा रु. ५००।- (पाँच सय सम्म जरिवाना गर्नेछ ।

(२) दफा (१२) को (ग) बमोजिम बसपार्कमा व्यवसाय गर्ने व्यवसायीहरुले पालना गर्नुपर्ने नियम पालना नगरेको पाईएमा नगरपालिकाबाट तोकिएको निरिक्षकले उक्त व्यवसायीलाई प्रथम पटक रु. ५०००।-(पांचहजार) सम्म जरिवाना र दोश्रो पटक सोही गल्ती दोहोऱ्याएमा सो को दोब्बर जरिवाना र तेश्रो पटक पनि सो गल्ती दोहोऱ्याएमा कोठा वा सटरबाट निजलाई निष्कासन गर्न समिति समक्ष पेश गर्नेछ । समितिले निजलाई कोठाबाट निष्कासन गर्ने आदेश दिएमा बसपार्क व्यवस्थापकले उक्त व्यवसायीलाई बसपार्कबाट निष्कासन गर्नु पर्नेछ ।

(३) दफा १२ को (घ) विपरित कार्य गरे गराएमा प्रथम पटक रु. १५०००। दोश्रो पटक सोको दोव्वर र तेश्रो पटक पनि यस प्रकारको गल्ती गरेमा नगरपालिकाले सम्झौता रद्दको प्रकृया अगाडी बढाउनेछ ।

(४) ठेकेदारले जिम्मा लिएको क्षेत्रको कुनै सार्वजनिक सेवा (शौचालय, सरसफाई, सडकबत्ती) गुणस्तरीय नदिएको गुनासो नगरपालिकामा आएमा बसपार्क व्यस्थापन समितिले स्थलगत अनुगमन गरि कसुर अनुसारको जरिवाना वा सुधारका लागि विशेष आदेश दिन सक्नेछ यस प्रकारको आदेश नमानेमा प्रथम पटक रु. ५०००। जरिवाना तत्पश्चात पटकै पिच्छे दोव्वर जरिवाना नगरपालिकाले गर्नेछ । यस प्रकारको जरिवाना सम्बन्धित पक्षले नगद जम्मा नगरेमा बस व्यवस्थापकको धरौटीबाट कट्टा गरिनेछ ।

## परिच्छेद-८
## विविध

**१४. बाधा अड्काउ फुकाउ :**

(क) प्रचलित कानून बमोजिम हुने : (१) यस कार्यविधिमा उल्लेख नभएका विषयको हकमा नगर कार्यपालिकाको निर्णय, क्षेत्रगत नीति तथा कार्यक्रम बमोजिम हुनेछ।

**१५. संशोधन र खारेजी :** (१) यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा नगर कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ।

## अनुसूची - १

दफा ७ (क) संग सम्बन्धित बसपार्कको कोठा वितरण नक्सा तथा सटरमा राखिने सेवा तथा व्यवसायको किसिम

**बसपार्कको क्षेत्र (ब्लक) को सेवा शुल्कको विवरण**

**(दफा १५ उपदफा २ संग सम्बन्धित)**

| स्रोत | विवरण | दर | कैफियत |
|---|---|---|---|
| पार्किङ्/प्रवेश शुल्क | लामो दुरीका | १०० | |
| | मध्यम दुरी | ७० | |
| | छोटो दुरी | 50 | |
| | माइक्रो, भ्यान | 20 | |
| प्रवेश | रिक्सा / अटो | 5 | |
| पार्किङ | रिक्सा / अटो | 10 | |
| प्रवेश | कार | 10 | |
| पार्किङ | कार | 20 | |
| प्रवेश | मोटरसाईकल | 5 | |
| पार्किङ | मोटरसाईकल | 10 | |
| | मालबाहक सानो | 100 | |
| | मालबाहक ठुलो | 150 | |
| | लामो र मध्यम दुरी सबै गाडी (बसपार्क भित्र २४ घण्टा बसेमा) | 200 | |

## अनुसूची-२

### दफा ११ (ख) संग सम्बन्धित

### बसपार्क प्रवेश शुल्क, बस पार्किङ र शौचालय सेवा शुल्कको दर

**(क) बसपार्क प्रवेश शुल्क ;**

अ. लामो दुरीमा चल्ने ठुला सवारी साधन रु. १००।-

आ. लामो दुरीमा चल्ने साना सवारी साधन रु ७५।-

इ. छोटो दुरीमा चल्ने ठुला सवारी साधन रु. ५०।-

ई. छोटो दुरीमा चल्ने साना सवारी साधन रु. ४०।-

**(ख) पार्किङ्ग शुल्क रात विताउनु पर्ने भएमा मात्र (प्रतिदिन)**

अ. बस रु. २००।-

आ. माइक्रो बस रु. १५०।-

**(ग) शौचालय सेवा शुल्क**

अ. दिसा गरेको रु. १०।- (दश)

आ. पिसाव फेरेको रु. ५।-(पाँच)

इ. नुहाएको रु. २०।- (बिस)

## अनुसूची-३

### दफा ७ (ख) संग सम्बन्धित

### बस व्यवसायी फर्महरूको व्यवसाय कर र बसपार्क सेवा प्रयोग सूचिकृत शुल्क :

**(क) व्यवसाय कर (वार्षिक)**

| | |
|---|---|
| अ. २५ वटासम्म सवारी साधन भएका प्रा.लि. | ५,०००। |
| आ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | १०,०००। |
| इ. १०० वटासम्म सवारी साधन भएका प्रा.लि. | १५,०००। |
| ई. १०० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि. | २०,०००। |

**(ख) बस पार्क सेवा प्रयोग सूचिकृत शुल्क (वार्षिक)**

| | |
|---|---|
| अ. ५० वटासम्म सवारी साधन भएका प्रा.लि. | ५०००। |
| आ. ५० वटाभन्दा बढी सवारी साधन भएका प्रा.लि. | १००००। |

आज्ञाले,<br>
डा. श्रवण कुमार साह<br>
प्रमुख प्रशासकीय अधिकृत